**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रामारोशन गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड:०८ संख्या: ४१ मिति: २०८२/०१/०४

**भाग-२**

## रामारोशन गाउँपालिका

# रामारोशन गाउँपालिकाको एकल महिला सुरक्षा कोष (संचालन) कार्यविधि, २०८०



## रामारोशन गाउँपालिकाको एकल महिला सुरक्षा कोष (संचालन) कार्यविधि, २०८०



**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/१२/२०**

**प्रस्तावनाः**

रामारोशन गाउँपालिका भित्रका सामाजिक तथा आर्थिक दृष्टिले कमजोर तथा विपन्न वर्गका एकल महिलाको हित संरक्षण, उद्धार, राहत र पारिवारिक पुर्नस्थापना गर्न तथा एकल महिलाको हकहितकशव संरक्षण र सम्बद्धर्न गर्नका लागि स्थानीय स्तरमा आर्थिक स्रोत सङ्कलन गी परिचालन गर्न **एकल महिला सुरक्षा कोष संचालन संशोधन नियामावली, २०७६ दफा ३ ख र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२** ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाले यो **एकल महिला सुरक्षा कोष संचालन कार्यविधि, २०८०** तयार गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम एकल महिला सरक्षा कोष संचालन कार्यविधि २०८० रहेको छ ।

ख) यो कार्यविधि नगर कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि तुरुन्त लागु हुने छ ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) कोष भन्नाले यस कार्यविधि ४ नं. बुंदामा उल्लेख गरे बमोजिम स्थापना गरिएको एकल महिला सुरक्षा कोषलाई सम्झनु पर्दछ ।

ख) "गाउँपालिका" भन्नाले रामारोशन गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ग) "वडा कार्यालय" भन्नाले रामारोशन गाउँपालिकाको वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

घ) सामाजिक तथा आर्थिक दृष्टिले विपन्न वर्गका एकल महिला भन्नाले कार्यविधिको ११ नं. बुंदामा उल्लेखित एकल महिलालाई सम्झनु पर्दछ।

ङ) "संचालक" समिति भन्नाले कार्यविधिको ५ नं. बुंदामा उल्लेख गरे बमोजीम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

**३. कोषको उद्देश्य**

क) अति विपन्न र जोखिम अवस्थामा रहेका एकल महिलाको उद्धार गर्ने,

ख) जोखिम अवस्थामा रहेका एकल महिलालाई राहत उपलब्ध गराउने,

ग) सामाजिक आर्थिक दृष्टिले कमजोर एकल महिलाहरुलाई आवश्यक औषधि उपचार र कानुनी सहायता उपलब्ध गराउने ।

४. **कोषको स्थापना**

क) रामारोशन गाउँपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भई समाजिक आर्थिक दृष्टिले कमजोर र आपतकालिन अवस्थामा रहेका गाउँपालिका भित्रका विपन्न एकल महिलाको हित संरक्षण तथा प्रवर्द्धन गर्न एकल महिला सुरक्षा कोषको स्थापना गरिनेछ ।

ख) एकल महिला सुरक्षा कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

१. संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम,

२. रामारोशन गाउँपालिकाबाट यस कोषमा छुट्याई जम्मा गर्न पठाएको रकम,

३. विभिन्न संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम आदि ।

**५. संचालक समितिको गठन**

कोषको व्यवस्थापन संचालन एंव स्रोतको खोजी गर्न देहाय बमोजिमको गाउँपालिका संचालक समिति रहने छ ।

क कोष संचालक समितिः-

१. नगर उप प्रमुख -अध्यक्ष

२. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

३. सामाजिक विकास समितिको संयोजक - सदस्य

४. स्वास्थ्य शाखा प्रमुख - सदस्य

५. महिला प्रहरी -सदस्य

६. एकल महिलाको क्षेत्रमा कार्यरत विभिन्न गैर सरकारी संस्थाहरु मध्येबाट संचालक समितिको अध्यक्षले तोकेको १ जना प्रतिनिधि - सदस्य

७. महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख - सदस्य सचिव

**६. संचालक समितिको काम कर्तव्य र अधिकार**

क) एकल महिलाबाट सहयोग माग भै आएका निवेदन उपर छानविन गर्ने,

ख) कुनै एकल महिला विपन्न तथा जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

ग) सहयोगको आवश्यकता र उपलब्ध स्रोतको आधारमा नगद वा अन्य सहयोग गर्ने र सो को विवरण अद्यावधिक गर्ने,

घ) प्रत्येक वर्षमा कार्य प्रगति विवरण गाउँपालिकामा पेश गर्ने,

ङ) वडा कार्यलयको समन्वयमा विपन्न तथा आपतकालिक अवस्थाका एकल महिलाको तथ्याङ्क संङ्कलन गर्ने / गराउने,

च) एकल महिला सुरक्षा कोषको रकम दुरुपयोग हुन नदिन आवश्यक कदम चालने,

छ) एकल महिला सुरक्षा कोष बृद्बिको लागि आवश्यक नीति र रचनात्मक क्रियाकलाप संचालन गर्ने,

ज) कोषको आय-व्ययको विवरण अद्यावधिक गरि गाउँपालिकामा पेश गर्ने,

झ) कोषको बृद्बीमा सहयोग गर्ने संघ-संस्था वा व्यक्तीको विवरण अद्यावधिक गर्ने,

ञ) एकल महिलाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग आवश्यक समन्वय गर्ने।

**७. रकम उपलब्ध गराउने सक्ने**

१ विपन्न एकल महिला जुन आपतकालिक अवस्थामा रहेका र तत्काल उद्धार गर्न कानुनी उपचार, मनोसामाजिक परामर्श, औषधि उपचार पुर्नस्थापना, राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा रु ५०००।— सम्म पछि अनुमोदन हुने गरि अध्यक्षबाट रु १५०००।— सम्म समितिको निर्णयबाट र रु १५०००।— देखि माथि कार्यपालिकाबाट निर्णय बमोजिम रकम पिडित

महिलालाई उपलब्ध गराउन सकिनेछ ।

२ उपदफा १ बमोजिम एकल महिला पीडितलाई उपलब्ध गराएको रकम संचालक समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**८. संचालक समितिले गर्न नहुने कामहरु**

क) कोषको रकम हिना मिना गर्ने वा कोषको उद्देश्य विपरित समितिको कुनै सदस्य वा अन्य कुनै ब्यक्तिलाई लगानी गर्न,

ख) आपतकालिन अवस्थाका एकल महिलाहरुको तत्काल उद्धार तथा संरक्षण गर्ने कार्य बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न,

ग) कोषको रकम प्रशासनिक कार्यमा खर्च गर्ने।

**९. संचालक समितिको बैठक**

संचालक समितिको बैठक देहाय बमोजिम बस्ने छ ।

क) संचालक समितिको बैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा आवश्यकता अनुसार,

ख) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्ने छ,

ग) संचालक समितिले सहमतिका आधारमा निर्णय गर्ने छ,

घ) संचालक समितिको निर्णय सदस्य सचिवले अध्यावधिक गर्ने छ,

ङ) संचालक समितिको सम्पर्क स्थान रामारोशन गाउँपालिकाको महिला तथा बालबालिका शाखामा रहने छ ।

**१०. सामाजिक तथा आर्थिक दृष्टिले कमजोर विपन्न एकल महिला अन्तर्गत देहायका महिलाहरु पर्दछन्**

क) अति जोखिम अवस्थामा रहेका एकल महिला,

ख) सामाजिक तथा आर्थिक अवस्था कमजोर रहेको विपन्न एकल महिला,

ग) कोहि संरक्षक नभएको अति विपन्न एकल महिला,

घ संचालक समितिको निर्णयबाट छनोट भएको आपतकालिन अवस्थामा रहेको एकल महिला ।

**११. निवेदन दिन सक्ने**

यस कार्यविधिको ११ नं. बुंदामा उल्लेक गरिएका एकल महिलाको उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरि रामारोशन गाउँपालिका वा सम्बन्धित वडाहरुमा बसोबास गर्ने जोसुकै सरोकारवाला ब्यक्तिले रामारोशनका गाउँपालिका अन्तर्गत महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा र वडा कार्यपालिकाको कार्यलयमा विस्तृत विवरण खुल्नेगरी निवेदन दिन सक्नेछ ।

**१२. खाताको संचालन तथा लेखा परिक्षण**

१. एकल महिला सुरक्षा कोषको रकम समितिको निर्णयले कुनै बाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

२. दफा १३ को उपदफा १ बमोजिमको खाताको संचालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ तथा कोषको लेखा परिक्षण महालेखा परिक्षकको विभागबाट हुनेछ ।

**१३. कोषको रकम फ्रिज नहुने**

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभए आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१४. कार्यविधिको व्याख्या तथा संशोधन**

यस कार्यविधिमा भएका व्यवस्थाहरुमा कुनै विवाद आएमा कानुन बमोजिम अन्तिम निर्णय गरिनेछ । साथै संशोधन आवश्यक भएमा संचालक समितिको राय लिई गाउँपालिकाले कार्यविधि संशोधन गर्न सक्नेछ ।

**१५. कोष खारेज हुन सक्ने अवस्था**

कुनै कारण बस एकल महिला सुरक्षा कोष संचालन गर्न आवश्यक नभएमा प्रर्याप्त कारणहरु सहित गाउँपालिकाले संचालक समितिको राय लिई कार्यपालिकाको निर्णयले खारेज गर्न सकिनेछ । र खारेज भएमा कोषमा रहेको रकम गाउँपालिकाको संचित कोष खातामा जम्मा हुनेछ ।

आज्ञाले
राम बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत